# सेवा करारमा स्वास्थ्यकर्मी व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७६

सामाजिक विकास मन्त्रालय

(स्वीकृत मिति २०७६/०९/१३)

**सुदूरपश्चिम प्रदेश**

सामाजिक विकास मन्त्रालयबाट कार्यन्वयन हुने स्वास्थ्य तर्फका बजेट तथा कार्यक्रमहरु कार्यन्वयनको लागि तयार पारेको मापदण्ड।

# <u>सेवा करारमा स्वास्थ्यकर्मी व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७६</u>

**<u>प्रस्तावना</u> :**

सुदूरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको स्वास्थ्य तर्फको **मुख्यमन्त्री जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम, आत्महत्या रोकथाम तथा विद्यालय मानसिक स्वास्थ्य कार्यक्रम र अस्पताल संग सम्बन्धित अस्पताल सेवा सुदृढीकरण कार्यक्रम** कार्यान्वयनको लागि स्वास्थ्य सम्बन्धी कार्यालयहरुमा सेवा करारमा स्वास्थ्यकर्मीहरु नियुक्ति गर्ने प्रक्रियालाई व्यवस्थित गरी स्वास्थ्य सेवा गुणस्तरीय तथा प्रभावकारी रुपमा प्रवाह गर्न र छिटो छरितो बनाई निरन्तरता कायम गर्न वाञ्छनीय भएकोले,

सुदुरपश्चिम प्रदेश सरकारको **सामाजिक विकास मन्त्रालयले** यो मापदण्ड तयार गरेको छ।

## <u>परिच्छेद – १</u>

## <u>प्रारम्भिक</u>

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस मापदण्डको नाम "**सेवा करारमा स्वास्थ्यकर्मी व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७६**" रहनेछ।

(२) यो मापदण्ड मन्त्रिस्तरबाट स्वीकृत भएपछि तुरुन्त लागू हुनेछ।

**२. <u>परिभाषा</u>** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "अन्तर्वार्ता समिति" भन्नाले **दफा** ४ अनुसार गठित समितिले गठन गरेको अन्तर्वार्ता समिति सम्झनुपर्छ।

(ख) "कार्यालय" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने प्रचलित कानून बमोजिम स्थापना भएका सुदुरपश्चिम प्रदेश सरकार अन्तर्गत रहेका स्वास्थ्य सम्बन्धी कार्यालय भन्ने बुझ्नुपर्छ।

(ग) "छनौट तथा सिफारिस समिति" भन्नाले **दफा** ४ अनुसार गठित समिति सम्झनुपर्छ।

(घ) "सेवा करार प्रकृतिका पद" भन्नाले हाल सामाजिक विकास मन्त्रालयका योजना तथा बजेट कार्यन्वयन गर्न आवश्यक स्वास्थ्य सेवाका पदहरुलाई सम्झनुपर्छ।

(ङ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेशलाई सम्झनुपर्छ।

(च) "स्वास्थ्यकर्मी" भन्नाले स्वास्थ्य सम्बन्धी प्राविधिक एस ई ई, प्राविधिक एस एल सी, प्रविणता प्रमाण पत्र तह, स्नातक र स्नातकोत्तर तह अध्ययन गरी सम्बन्धीत पेशागत परिषदमा दर्ता भएका व्यक्ति सम्झनु पर्नेछ।

३. **<u>मापदण्डको उद्देश्य</u>** : यस मापदण्डको उद्देश्य देहाय बमोजिम हुनेछ : (क) प्रदेश सरकारका स्वास्थ्य कार्यक्रमहरु संचालन गर्न आवश्यक पर्ने स्वास्थ्य कर्मीहरुलाई करार सेवामा छनौट गर्ने।

(ख) सेवा करारका लागि संचालन गरिने परीक्षा तथा छनौट प्रक्रियालाई व्यवस्थित गर्न सघाउ पुर्याउने।

## परिच्छेद – २

## छनौट तथा सिफारिस समिति

४. **<u>समितिको गठन</u>** : सेवा करार प्रकृतिका स्वास्थ्य सेवाका पदमा कर्मचारी छनौट गर्नका लागि देहाय बमोजिमको पदाधिकारीहरु रहने गरी गठित ५ सदस्यीय एक छनौट तथा सिफारिस समिति रहनेछ।

(क) सम्बन्धित कार्यालयको प्रमुख - संयोजक

(ख) सम्बन्धित पदको विषय विशेषज्ञ - सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत स्तरको प्रतिनिधि - सदस्य

(घ) जिल्लाको को.ले.नि.का को अधिकृत स्तरको प्रतिनिधि - सदस्य

(ङ) सम्बन्धित कार्यालयको प्रशासन शाखा प्रमुख - सदस्य सचिव

५. **<u>समितिको काम कर्तव्य र अधिकार</u>** : छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) अस्पतालमा अस्पताल व्यवस्थापन समिति र अन्य कार्यालयको हकमा सम्बन्धित कार्यालयको निर्णयानुसार, सेवा करारमा कर्मचारी भर्ना गर्न अनुसूचीहरुमा उल्लेखित विवरण खुलाई सम्बन्धित कार्यालयको लेटरप्याडमा विज्ञापन आह्वान गर्ने।

(ख) दरखास्तहरुको छानबिन गरी रित पुगेका उम्मेदवारहरुलाई दफा ६, ७ र ८ बमोजिम छनौट तथा सिफारिस गर्ने।

(ग) उम्मेदवारहरुको परीक्षा संचालनको लागि व्यवस्थापन गर्ने।

(घ) परीक्षामा सहभागी उम्मेदवारहरु मध्ये योग्यताक्रम अनुसार नतिजा प्रकाशित गरी सफल उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गर्ने।

(ङ) अन्तर्वार्ता प्रक्रिया संचालन गर्न नियमानुसारको अन्तर्वार्ता समिति गठन गर्ने।

## परिच्छेद – ३

## योग्यता,सेवा करार सम्बन्धी प्रक्रिया एवं कार्यविधि,परिक्षण एवं सिफारिस सम्बन्धी व्यवस्था

६. <u>**योग्यता**</u> **:** यस कार्यविधि बमोजिम करार सेवामा रही सेवा प्रदान गर्ने चिकित्सक वा स्वास्थ्यकर्मीको योग्यता संघीय सरकारको " **चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६**" को दफा ४ बमोजिम हुनेछ।

७. <u>**सेवा करार सम्बन्धी प्रक्रिया एवं कार्यविधि**</u> : यस कार्यविधि बमोजिम सेवा करारमा छनौट गरिने जनशक्तिको छनौट प्रक्रिया संघीय सरकारको "**चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६**" को दफा **५** को उपदफा (२),(३),(४),(५),(६),(७) र (८) बमोजिम हुनेछ।

८. <u>**उम्मेदवारको परिक्षण एवं सिफारिस सम्बन्धी व्यवस्था**</u> : यस कार्यविधि बमोजिम छनौट भएका उम्मेदवारको परिक्षण एवं सिफारिस सम्बन्धी व्यवस्था संघीय सरकारको "**चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६**" को दफा **६** बमोजिम हुनेछ।

## परिच्छेद – ४

## <u>नियुक्ति सम्बन्धी व्यवस्था</u>

९. <u>**नियुक्ति सम्बन्धी व्यवस्था**</u> **:** (क) समितिबाट सिफारिस भएका उम्मेदवारहरुलाई सम्बन्धित कार्यालय प्रमुखले नियुक्ति गर्नुपर्नेछ र सोको जानकारी स्वास्थ्य निर्देशनालय र मन्त्रालयलाई दिनुपर्नेछ।

(ख) कार्यालयलाई आवश्यक पर्ने सेवा करारमा पदपूर्ती गरिने कर्मचारीको करार अवधि बढीमा चालु आ.व. को असार मसान्त सम्मको हुनेछ।

(ग) उपदफा (क) बमोजिम नियुक्त कर्मचारीको कार्यसम्पादन सन्तोषजनक भएमा र बजेटको सुनिश्चितता भएमा सम्बन्धीत कार्यालय प्रमुखले करार अवधि प्रचलित नियमानुसार थप गर्न सक्नेछ।

(घ) सेवा करारमा नियुक्त कर्मचारीको सेवा, सुविधा, कार्यविवरण र आचारसंहिता सेवा करार सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ।

१०. <u>**समिति छनौट तथा सिफारिस कार्य व्यवस्थापनका लागि बजेट व्यवस्था तथा लेखा परीक्षण**</u> **:**

(क) समितिले निर्धारण गरे बमोजिम तोकिएको पदको दरखास्त दस्तुर रकम कार्यालयको मूल सञ्चित कोषमा बैंकिङ्ग कारोवार मार्फत जम्मा गर्नुपर्नेछ।

(ख) विज्ञापनको दरखास्त दस्तुर रकम निर्धारण तथा खर्च लोकसेवा आयोगको नियमानुसार अनुसार हुनेछ।

(ग) खर्च श्रेस्ता प्रणाली दुरुस्त राखी सम्बन्धीत कार्यालयले आन्तरिक र अन्तिम लेखा परीक्षण गर्नु पर्नेछ।

११. **<u>छनौट तथा सिफारिस कार्यमा संग्लग्न जनशक्तिको सेवा सुविधा</u>** :

(१) समितिको प्रत्येक बैठकमा प्रति व्यक्ति रु. १०००।– भत्ता उपलब्ध गराउने,

(२) अन्तर्वार्ता समितिलाई प्रति सिफ्ट प्रति सदस्य रु. १०००।– भत्ता उपलब्ध गराउने,

(३) समितिले उम्मेदवार छनौट कार्यमा खटाउने कर्मचारीको सुविधा सम्बन्धमा समितिको प्रशासनिक काममा खटिने कर्मचारीका लागि अतिरिक्त समय काम गरेवापत प्रतिदिन अतिरिक्त भत्ता उपलब्ध गराउन सकिनेछ,

(४) यो मापदण्ड बमोजिम स्वास्थ्यकर्मी करारमा लिँदा उल्लेख नभएका कुरा प्रचलित कानुन बमोजिम यसै शीर्षकबाट खर्च गर्न सकिनेछ।

**१२.** यस मापदण्डमा उल्लेख भएका कुराहरु यसै मापदण्ड अनुसार हुनेछ तथा संघीय कानून, प्रदेश कानूनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**१३. <u>बाधा अडचन फुकाउ</u>** : यो मापदण्ड कार्यान्वयनको क्रममा कुनै समस्या आईपरेमा वा थप केही निर्णय गर्नुपरेमा मन्त्रालयको निर्णय बमोजिम हुनेछ।

<u>अनुसूची-१</u>

सुदुरपश्चिम प्रदेश

## सामाजिक विकास मन्त्रालय

.............................................................कार्यालय

| |
|---|
| कार्यालय प्रयोजनको लागि<br>परीक्षार्थीको संकेत नं. :<br>रोल नं./विज्ञापन नं./सूचना नं.<br>........../........ /.......... |

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो टाँसी फोटोमा समेत पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने। |

(क) उम्मेदवारले दरखास्त फाराम भरेको पद सम्बन्धी विवरण

| | | | |
|---|---|---|---|
| १. विज्ञापन नं : | २. खुला/आ.प्र. : | ३. पद : | ४. सेवा : |
| ५.समूह : | ६. उप-समूह : | ७. श्रेणी/तह : | ८. परीक्षा केन्द्र : |
| ९. खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरु मध्ये ऐनद्वारा तोकिएको समूहका उम्मेदवारहरु बीच मात्र प्रतिस्पर्धा गराउन भनी छुट्याईएका पदहरुको पदपूर्तिका लागि भएको विज्ञापनमा दरखास्त दिनु भएको भए समूह चिन्ह (O) लगाउनुहोस्। | क) महिला<br>ग) मधेसी<br>ङ) अपाङ्ग | ख) आदिवासी/जनजाति<br>घ) दलित<br>च) पिछडिएको क्षेत्र | |

ख) उम्मेदवारको वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| उम्मेदवारको | नाम, थर | (देवनागरिकमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्ग : |
| | नागरिकता नं. : | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला : | ख) न.पा./गा.वि.स. | | ग) वडा नं |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | | च) फोन नं. |
| पत्राचार गर्ने ठेगाना : | | | | ई-मेल : |
| बाबुको नाम, थर : | | आमाको नाम, थर : | | |
| बाजेको नाम, थर : | | पति/पत्नीको नाम, थर : | | |
| जन्म मिति | (वि.सं.मा) | (ईस्वी सन्मा) | | हालको उमेर: वर्ष महिना |

(ग) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(घ) अनुभव सम्बन्धी विवरण ( दरखास्त फाराम भरेको पदको विज्ञापनको लागि अनुभव तथा विदाको विवरण आवश्यक भएमा मात्र उल्लेख गर्ने)

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

असाधारण विदा लिएको भए अवधि : ...................................... देखि ...................................... सम्म ।

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन्। दरखास्त बुझाएको पदको विज्ञापनको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु। उम्मेदवारले पालन गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालन गर्न मन्जुर गर्दछु।

| उम्मेदवारको ल्याप्चे सहिछाप | | | |
|---|---|---|---|
| दायाँ | बायाँ | | उम्मेदवारले माथि उल्लेख गरेका अनुभवको विवरणहरु ठीक छ भनी प्रमाणित गर्ने विभागीय प्रमुख/कार्यालय प्रमुखको दस्तखत<br>नाम, थर :<br>पद/दर्जा :<br>मिति :<br>कार्यालयको छाप |
| | | उम्मेदवारको दस्तखत<br>मिति : | |

| आयोगको कर्मचारीले भर्ने | |
|---|---|
| रसिद/भौचर नं. : | रोल नं. : |
| दरखास्त अस्वीकृत भए सोको कारण: | |
| दरखास्त रुजु गर्नेको दस्तखत:<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति : |

द्रष्टव्यः दरखास्तसाथ विज्ञापनमा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रूपमा उम्मेदवार आफैंले प्रमाणित गरी पेश गर्नुपर्नेछ।
(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२) समकक्षता र सम्बद्धता आवश्यक पर्नेमा सोको प्रतिलिपि,
(३) विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि (तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि),
(४) नि.से.ऐन २०४९, दफा ७ (७) को प्रयोजनको लागि महिला, आदिवासी/जनजाति, मधेसी र दलित उम्मेदवारले आर्थिक र सामाजिक रूपमा पछाडि परेको भन्ने प्रमाणको प्रतिलिपि पेश गर्ने पर्नेछ।

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ। प्रवेशपत्र बिना परीक्षामा बस्न पाइने छैन।
२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन।
३. लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ।
४. परीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडि घण्टीद्वारा सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ। वस्तुगत परीक्षा शुरु भएको १५ मिनेट पछि र विषयगत परीक्षा शुरु भएको आधा घण्टा पछि आउने र वस्तुगत तथा विषयगत दुवै परीक्षा सँगै हुनेमा २० मिनेट पछि आउने उम्मेदवारले परीक्षामा बस्न पाउने छैन।
५. परीक्षा हलमा प्रवेश गर्न पाउने समय अवधि (बुँदा नं. ४ मा उल्लेख गरिएको) बितेको १० मिनेट पछाडि मात्र उम्मेदवारलाई परीक्षा हल बाहिर जाने अनुमति दिइने छ।
६. परीक्षा हलमा प्रवेश गरे पछि किताब, कापी, कागज, चिट आदि आफू साथ राख्नु हुँदैन। उम्मेदवारले आपसमा कुराकानी र संकेत समेत गर्नु हुँदैन।
७. परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानून बमोजिमको कारवाही गर्नेछ र त्यसरी निष्काशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिने छ।
८. बिरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा आयोग जवाफदेही हुने छैन।
९. उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपमा गर्नु पर्नेछ।
१०. आयोगले सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ।
११. उम्मेदवारले वस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्न पत्रको "की" उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नुपर्नेछ। नलेखेमा उत्तरपुस्तिका स्वतः रद्द हुनेछ।
१२. ल्याकत (आई.क्यू.) परीक्षामा क्यालकुलेटर प्रयोग गर्न पाइनेछैन।
१३. कुनै उम्मेदवारले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्नु परेमा पनि परीक्षामा सम्मिलित अन्य उम्मेदवारहरूलाई बाधा नपर्ने गरी निरीक्षकलाई सोध्नु पर्नेछ।

सुदूरपश्चिम प्रदेश

**सामाजिक विकास मन्त्रालय**

.................................................कार्यालय

साइजको पुरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

परीक्षार्थीले भर्ने:–

| क) सेवा :- | विज्ञापन नं. | किसिम/समूह |
|---|---|---|
| ख) समूह:- | .............. | .............. |
| ग) उपसमूह :- | .............. | .............. |
| घ) श्रेणी/तह :- | .............. | .............. |
| ङ) पद :- | .............. | .............. |
| च) परीक्षा केन्द्र :- | .............. | .............. |
| | .............. | .............. |
| छ) उम्मेदवारको | नाम, थर :- | |
| | दस्तखत :- | |

आयोगको कर्मचारीले भर्ने :–

यस आयोगबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ।

परीक्षा केन्द्र :–

रोल नम्बर :–

..............................

(अधिकृतको दस्तखत)

द्रष्टव्य :– १) कृपया उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु हेर्नु होला ।

........................................................................................................................

**उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु :–**

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ। प्रवेशपत्र बिना परीक्षामा बस्न पाइने छैन।
२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन।
३. लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ।
४. परीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडि घण्टीद्वारा सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ। वस्तुगत परीक्षा शुरु भएको १५ मिनेट पछि र विषयगत परीक्षा शुरु भएको आधा घण्टा पछि आउने र वस्तुगत तथा विषयगत दुवै परीक्षा सँगै हुनेमा २० मिनेट पछि आउने उम्मेदवारले परीक्षामा बस्न पाउने छैन।
५. परीक्षा हलमा प्रवेश गर्न पाउने समय अवधि (बुँदा नं. ४ मा उल्लेख गरिएको) बितेको १० मिनेट पछाडि मात्र उम्मेदवारलाई परीक्षा हल बाहिर जाने अनुमति दिइने छ।
६. परीक्षा हलमा प्रवेश गरे पछि किताब, कापी, कागज, चिट आदि आफू साथ राख्नु हुँदैन। उम्मेदवारले आपसमा कुराकानी र संकेत समेत गर्नु हुँदैन।
७. परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानून बमोजिमको कारवाही गर्नेछ र त्यसरी निष्काशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिने छ।
८. बिरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा आयोग जवाफदेही हुने छैन।
९. उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपमा गर्नु पर्नेछ।
१०. आयोगले सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ।
११. उम्मेदवारले वस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्न पत्रको "की" उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नुपर्नेछ। नलेखेमा उत्तरपुस्तिका स्वतः रद्द हुनेछ।
१२. ल्याकत (आई.क्यू.) परीक्षामा क्यालकुलेटर प्रयोग गर्न पाइनेछैन।
१३. कुनै उम्मेदवारले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्नु परेमा पनि परीक्षामा सम्मिलित अन्य उम्मेदवारहरूलाई बाधा नपर्ने गरी निरीक्षकलाई सोध्नु पर्नेछ।

सुदूरपश्चिम प्रदेश

**सामाजिक विकास मन्त्रालय**

.................................................कार्यालय

**प्रवेशपत्र**

हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

परीक्षार्थीले भर्ने:–

| क) सेवा :- | विज्ञापन नं. | किसिम/समूह |
|---|---|---|
| ख) समूह:- | .............. | .............. |
| ग) उपसमूह :- | .............. | .............. |
| घ) श्रेणी/तह :- | .............. | .............. |
| ङ) पद :- | .............. | .............. |
| च) परीक्षा केन्द्र :- | .............. | .............. |
| | .............. | .............. |
| छ) उम्मेदवारको | नाम, थर :- | |
| | दस्तखत :- | |

आयोगको कर्मचारीले भर्ने :–

यस आयोगबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ।

परीक्षा केन्द्र :–

रोल नम्बर :–

..............................

(अधिकृतको दस्तखत)

द्रष्टव्य :– १) कृपया उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु हेर्नु होला ।

<u>अनुसूची-२</u>

अन्तर्वार्ता मूल्यांकन फाराम

विज्ञापन नं.

श्रेणी/तहः

पद संख्याः

उम्मेदवार संख्याः सम्बन्धीत कार्यालयः

अन्तर्वार्ता मितिः

| क्र.सं. | रोल नं | उम्मेदवारको नाम, थर | बिषयबस्तुको ज्ञान, तार्किक, बौद्दिक क्षमता व्यक्तित्व र अन्य कुरा | | कैफियत |
|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

माथि उल्लिखित विज्ञापनमा सहभागी कुनै पनि उम्मेदवार मेरो पति, पत्नी, छोरी, छोरा, दाजु, बहिनी, दिदी, भाई, भतिजा, सानीआमा, सानोबाबा, ठूलीआमा, ठुलोबुबा, काकी, काका, नन्द, आमाजु, देउरानी, जेठानी, देवर, जेठाजु, बुहारी, भाउजु, साली, तीनका छोराछोरी नाता पर्दैन। साला, फुपाज्यू, फुपु, माईजु, मामा, भिनाजु ज्वाई, भाञ्जी, भाञ्जा, भतिजी आदी समेत नाता पर्दैन भनी स्वघोषणा गर्दछु।

**<u>अन्तर्वार्ता समितिको</u>**

संयोजक सदस्यको दस्तखतः

नाम,थरः

पदः

मितिः

**<u>द्रष्टव्यः</u>**

१) अन्तर्वातामा अधिकतम ७०% भन्दा बढी र न्यूनतम ४०% भन्दा कम अंक दिनुपर्ने भए पुष्ट्याई दिनुपर्नेछ।